**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल**

**माननीय न्यायाधीश  श्री सुनिल कुमार पोखरेल**

**फैसला**

**०७५-WO-०९७९**

**मुद्दाः- उत्प्रेषण।**

दिव्यराज पोखरेलको नातिनी रेवतीरमण पोखरेलको छोरी साविक झापा जिल्ला कन्काई न.पा. वडा नं. १४ हाल का.जि.का.म.न.पा. वडा नं. १४ बस्ने वर्ष ४७ को कविता पोखरेल सुवेदी.........................................................१

काशीरामको नातिनी तुलाराम थानीको छोरी सुर्खेत जिल्ला, वीरेन्द्रनगर नगरपालिका, वडा नं .६ बस्ने वर्ष ४८ को खिन्ना कुमारी थानी......................................१

सुवर्णकुमार प्रधानाङ्गको नातिनी अनन्तकुमार प्रधानाङ्गको छोरी साविक नुवाकोट विदुर न.पा. वडा नं. ४ हाल भक्तपुर जिल्ला भक्तपुर न.पा. वडा नं.१० थालाछें बस्ने वर्ष ४९ को नबिना प्रधानाङ्ग.........................................................१

चन्द्रकान्त भण्डारीको नातिनी प्रमोद कुमार भण्डारीको छोरी भक्तपुर जिल्ला मध्यपुर ठिमी नगरपालिका वडा नं. १५ बस्ने वर्ष ४९ को निर्मला भण्डारी पोखरेल......१

निवेदक

प्रेमनाथ खनालकी नातिनी रुद्रप्रसाद खनालकी छोरी नुवाकोट जिल्ला नर्जामण्डप गा.वि.स. वडा नं. ३ बनचरे हाल का.जि. गोकर्णेश्वर न.पा. वडा नं. ८ आत्तरखेल बस्ने वर्ष ४९ को माधवी ढकाल खनाल..................................................१

निलबहादुर प्रजापतिको नातिनी रामबहादुर प्रजापतिको छोरी साविक भक्तपुर जिल्ला १ भक्तपुर न.पा. वडा नं. १२ हाल भक्तपुर जिल्ला भक्तपुर न.पा. वडा नं.४ बोलाछेँ बस्ने वर्ष ४६ को रञ्जना प्रजापति..............................................१

कुलप्रसाद चालिसेको नातिनी केदारनाथ पालैसेको छोरी ललितपुर जिल्ला, चापागाउँ गा.स.वि. वडा नं. ६ बस्ने वर्ष ५३ को शान्ता चालिसे.................................१

लालबहादुर लामाको नातिनी कृष्ण लामाको छोरी साविक ललितपुर जिल्ला ल.पु.उ.म.न.पा. वडा नं. ५ महालक्ष्मीस्थान हाल ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं. ५ महालक्ष्मीस्थान बस्ने वर्ष ५० को शारदा लामा..........................१

भीमार्जुन शर्माको नातिनी कुलराज शर्माको छोरी साविक दाङ जिल्ला त्रिभुवन न.पा. वडा नं. २ हाल का.जि. चन्द्रागिरी न.पा. वडा नं. १४ बस्ने वर्ष ५० को शारदाकुमारी अधिकारी..........................................................१

गोपिलाल बजगाईंको नातिनी मोहनलाल बजगाईंको छोरी काभ्रेपलाञ्चोक जिल्ला काभ्रे नित्यचण्डेश्वर गा.वि.स. वडा नं. २ हाल भक्तपुर जिल्ला, मध्यपुर थिमि न.पा. वडा नं. ९ संगम कोलोनी बस्ने बर्ष ५१ की श्यामकुमारी बजगाईं (श्रेष्ठ).........१

गंगाप्रसादको नातिनी ठाकुरप्रसादको छोरी जि.मोरङ्ग विराटनगर म.न.पा.वडा नं. १२ बस्ने वर्ष ५० को सविना कोइराला (अधिकारी)..................................१

स्व.जोगरत्न बज्राचार्यको नातिनी भुवन रत्न बज्राचार्यको छोरी साविक का.जि. का.म.न.पा. वडा नं. २३ ओमबहाल हाल का.जि.का.म.न.पा. वडा नं. १४ कालिमाटी बस्ने वर्ष ४७ को सुनिता बज्राचार्य..........................................१

कालीबहादुर श्रेष्ठको नातिनी रेशमबहादुर श्रेष्ठको छोरी साविक नुवाकोट जिल्ला रालुकादेवी गा.वि.स. वडा नं. ४ सतार हाल का.जि. तारकेश्वर न.पा. वडा नं. ११ नमुना नगर बस्ने वर्ष ४३ की सूर्यविना श्रेष्ठ............................................१

टिकाप्रसाद पराजुलीको नाति दिपक पराजुलीको छोरा साविक का.जि.का.म.न.पा. वडा नं. १० हाल का.जि.का.म.न.पा. वडा नं.३२ कोटेश्वर बस्ने वर्ष ४६ को

अमुल पराजुली.................................................................................१

इन्द्रप्रसादको नाती पुण्यप्रसादको छोरा जि.स्याङ्गजा विचारी चौतारा गा.वि.स. वडा नं. ५ स्थायी घर भै हाल अर्थ मन्त्रालय, विराटनगर भन्सार कार्यालय, मोरङ्गको कम्प्युटर अधिकृत पदमा कार्यरत वर्ष ४७ को अरुण पौडेल.........................१

पूर्ण बहादुर महतको नाति जितेन्द्र महतको छोरा नुवाकोट जिल्ला, कविलास गाउँपालिका, वडा नं . २ बस्ने वर्ष ४६ को अरुण महत............................१

ढुण्डीराज पोखरेलको नाति लेखनाथ पोखरेलको छोरा साविक सप्तरी जिल्ला फत्तेपुर गा.वि.स. वडा नं. ८ हाल का.जि. गोकर्णेश्वर न.पा. वडा नं. ८ बेसीगाउँ बस्ने एकराज पोखरेल..............................................................................१

सुन्दरदेव तिवारीको नाति रामएकवाल तिवारीको छोरा साविक जि. रौतहट गा.वि.स. डुमरिया (पं) वडा नं. ५ हाल इशनाथ गाउँपालिका वडा नं.९ डुमरिया (पं) बस्ने वर्ष ४७ को कमोद तिवारी.................................................................१

कुलदिपक अर्यालको नाति बलदेव अर्यालको छोरा का.जि.का.म.न.पा. वडा नं. ७ चाबहिल बस्ने वर्ष ४७ को किरण अर्याल................................................१

मंगलको नाती फेकनको छोरा जि.धनुषा कनकपट्टी गा.वि.स.वडा नं. ६ स्थायी घर भै हाल अर्थ मन्त्रालय, भन्सार विभागको कम्प्युटर अधिकृत पदमा कार्यरत वर्ष ४३ को कुशेश्वर साह..........................................................................१

मथुरानाथ श्रेष्ठको नाति रामदेव श्रेष्ठको छोरा जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. २७ इवाबहाल बस्ने वर्ष ५१ को गोपालदेव श्रेष्ठ डिलाराम क्षेत्रीको नाति खुमानसिंह क्षेत्रीको छोरा रुपन्देहि जिल्ला गजेडी गा.वि.स. वडा नं.८ वस्ने वर्ष ४३ को चन्द्र बहादुर क्षेत्री....................................................१

नैनानन्द गुरागाईंको नाति चन्द्रप्रसाद गुरागाईंको छोरा साविक मोरङ जिल्ला इटहरा गा.वि.स. वडा नं. ३ हाल मोरङ जिल्ला रतुवामाई न.पा. वडा नं.९ इटहरा बस्ने

वर्ष ४७ को चुडामणि गुरागाईं..........................................................१

स्व.आशाराम अमात्यको नाति स्व. लक्ष्मण अमात्यको छोरा ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं. १६ नकबहिल टोल बस्ने वर्ष ५३ को जितेन्द्र अमात्य....१

स्व.देवनन्दन लाभको नाति भैरबा नन्द लाल कर्णको छोरा धनुषा जिल्ला बसहिया गा.वि.स. वडा नं. ८ हाल जनकपुर उ.म.न.पा. वडा नं. २४ बस्ने वर्ष ४६ को जीतेन्द्र कुमार लाभ...............................................................................१

केदारनाथ पौडेलको नाति रामनाथ शर्मा पौडेलको छोरा- साविक ललितपुर जिल्ला लामाटार गा.वि.स. वडा नं. २ हाल ललितपुर जिल्ला महालक्ष्मी न.पा. वडा नं.९ लामाटार बस्ने वर्ष ४९ को दिपक पौडेल.............................................१

सुकु प्रजापतिको नाति कुलबहादुर प्रजापतिको छोरा काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं . २५ बस्ने वर्ष ४९ को धनबहादुर प्रजापति..............१

रामकृष्णलाल दासको नाति शिवचन्द्रलाल कर्णको छोरा सर्लाही जिल्ला पर्सा गा.वि.स. वडा नं. ९ बस्ने वर्ष ४७ को धर्मेन्द्रलाल कर्ण............................१

खड्गबहादुर कट्टेलको नाति रुद्रवहादुर कट्टेलको छोरा साविक तोपगाछी गा.वि.स. वडा नं. ८ हाल का.जि.का.म.न.पा. वडा नं. ३२ घट्टेकुलो बस्ने वर्ष ४४ को नरेश कट्टेल......................................................................................१

श्रीसिटहु साह तेलीको नाति योगेन्द्र साह तेलीको छोरा महोत्तरी जिल्ला सहोडवा गा.वि.स. वडा नं. ८ हर्दिया बस्ने वर्ष ४९ को नवल किशोर साह तेली मुक्तिप्रसाद अर्यालको नाति उत्तमप्रसाद अर्यालको छोरा मोरङ्ग जिल्ला, विराटनगर महानगरपालिका, वडा नं ११ बस्ने वर्ष ५१ को नविनकुमार अर्याल................१

इन्द्र बहादुर सापकोटाको नाति अष्ट बहादुर सापकोटाको छोरा तनहुँ जिल्ला चोक चिसापानी गा.वि.स. वडा नं. ८ दुधेकुना बस्ने वर्ष ४७ को नाथ बहादुर सापकोटा.१

अनिरुद्र ढकालको नाति होमनाथ ढकालको छोरा साविक सिन्धुपाल्चोक जिल्ला

मेलम्ची गा.वि.स. वडा नं. १ हाल का.जि. गोकर्णेश्वर न.पा. वडा नं. ८ आत्तरखेल जोरपाटी बस्ने वर्ष ५३ को नारायण प्रसाद ढकाल.......................................१

पद्मराज भण्डारीको नाति रामप्रसाद भण्डारीको छोरा साविक पाल्पा जिल्ला पिपलडाँडा गा.वि.स. वडा नं. ९ हाल पाल्पा जिल्ला रम्भा गाउँपालिका वडा नं. ३ आरुपाटा बस्ने वर्ष ४५ को नारायण प्रसाद भण्डारी................................................१

स्व.प्रेमनाथ कणेलको नाति माधवप्रसाद कणेलको छोरा काभ्रे जिल्ला मल्पी गा.वि.स. वडा नं. १ हाल काभ्रे जिल्ला पनौती न.पा. वडा नं. ७ बस्ने वर्ष ४९ को निर्मल राज कणेल.....................................................................................१

तिलकबहादुरे थापाको नाति होमबहादुर थापाको छोरा काभ्रेपलाञ्चोक जिल्ला महेन्द्रज्योति गा.वि.स. वडा नं. ९ बाँसडोल बस्ने वर्ष ४४ को पवन थापा.........१

स्व. कृष्णज्यान प्रधानको नाति स्व. गोपालप्रसाद प्रधानको छोरा का.जि.का.म.न.पा. वडा नं. १८ नरदेवी बस्ने वर्ष ५२ को पुरुषोत्तम प्रसाद प्रधान......................१

भैरवको नाति भाष्करको छोरा जि.काठमाडौ पूरानो नैकाप गा.वि.स. वडा नं. ४ बस्ने बर्ष ४५ को प्रकाश दवाडी............................................................१

जनक प्रसाद पुडासैनीको नाति नवराज पुडासैनीको छोरा जिल्ला काठमाडौं, कागेश्वरी मनोहरा न.पा. वडा नं. ४ बस्ने वर्ष ४१ को प्रकाश पुडासैनी........................१

उमाकान्त दवाडीको नाति हरिकृष्ण दवाडीको छोरा काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा न ४ बस्ने वर्ष ४७ को प्रमोद कुमार दवाडी.................१

स्व. नयन बहादुर कार्कीको नाति स्व पिताम्बर सिंह कार्कीको छोरा ललितपुर जिल्ला ल.पु.म.न.पा. झम्सिखेल वडा नं. २ बस्ने वर्ष ४७ को प्रविण कार्की......१

ईश्वरीप्रसाद आचार्यको नाति लुमडीप्रसाद आचार्यको छोरा काठमाण्डौ जिल्ला साविक गोलढुङ्गा गा.बि.स. वडा नं. ६ (हाल तारकेश्वर नगरपालिका, वडा नं. ५ काठमाण्डौ बस्ने वर्ष ४३ को प्रविन आचार्य.............................................................१

पुर्णकान्त शर्माको नाति मोहनलाल शर्माको छोरा साविक स्याङ्जा जिल्ला खिलुङ्ग देउराली गा.वि.स. वडा नं. ९ हाल स्याङ्जा जिल्ला भिरकोट न.पा. वडा नं.६ बलमाटा बस्ने वर्ष ४५ को प्रेम शर्मा.......................................................१

हिरालाल गिरीको नाति हरिप्रसाद गिरीको छोरा साविक झापा जिल्ला धरमपुर गा.वि.स. वडा नं. ५ हाल भक्तपुर जिल्ला मध्यपुर न.पा. वडा नं.१५ गट्ठाघर बस्ने वर्ष ४६ को फणिन्द्र गिरी.................................................................१

काजी नारायण मानन्धरको नाति पुण्यबज्र मानन्धरको छोरा साविक भक्तपुर जिल्ला भक्तपुर न.पा. वडा नं. ४ हाल भक्तपुर न.पा. वडा नं. १० देकोचा टोल बस्ने वर्ष ४७ को बाबुराजा मानन्धर..............................................................१

दागवीर सुकुभटुको नाति रत्नबहादुर सुकुभटुको छोरा साविक भक्तपुर जिल्ला नंखेल गा.वि.स. वडा नं. २ हाल भक्तपुर जिल्ला सूर्यविनायक न.पा. वडा नं.९ नंखेल बस्ने वर्ष ४८ को विश्वन्तर सुकुभटु.....................................................१

स्व. भोलानाथ पौडेलको नाती नयनाथ पौडेलको छोरा जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. ३४ बस्ने वर्ष ४८ को बोधनाथ पौडेल..................१

तुल्सीरामको नाती खगेन्द्रप्रसादको छोरा जि.सुर्खेत वीरेन्द्रनगर न.पा.वडा नं.१ बस्ने वर्ष ४८ को भीमराज थानी...............................................................१

कृष्णराज मास्केको नाति मनमोहन मास्केको छोरा साविक भक्तपुर जिल्ला भक्तपुर न.पा. वडा नं. १ हाल का.जि.का.म.न.पा. वडा नं. १० वानेश्वर बस्ने वर्ष ४२ को मञ्जुल मास्के.......................................................................................१

जनक प्रसाद पुडासैनीको नाति नवराज पुडासैनीको छोरा जिल्ला काठमाडौ, कागेश्वरी मनोहरा न.पा. वडा नं. ४ बस्ने वर्ष ३९ को मधुसुदन पुलासैनी....................१

रंगवीर सिंहको नाती गोरखबहादुर सिंहको छोरा जिल्ला मोरङ्ग, विराटनगर महानगरपालिका वडा नं. १५ बस्ने वर्ष ४५ को मनिषकुमार सिंह.................१

पञ्चकुमारको नाती स्यामहरीको छोरा जि.भक्तपुर मध्यपुर थिमी न.पा. वडा नं. १ स्थायी घर भै हाल अर्थ मन्त्रालय, रसुवा भन्सार कार्यालयको कम्प्युटर अधिकृत पदमा कार्यरत वर्ष ४४ को मिलन था श्रेष्ठ...........................................१

स्व.चन्द्रकान्तको नाती मित्रप्रसादको छोरा जि.झापा दमक न.पा. वडा नं. १२ स्थायी घर भै हाल अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कम्प्युटर अधिकृत पदमा कार्यरत वर्ष ५० को मिलनकुमार ढकाल.....................................१

हरिप्रसाद खनालको नाति राजेन्द्र खनालको छोरा साविक झापा जिल्ला धुलावारी गा.वि.स. वडा नं. ५ धुलावारी हाल झापा जिल्ला मेचीनगर न.पा. वडा नं.१० बस्ने वर्ष ४७ को मुरारी खनाल........................................................१

झविलाल पाण्डेको नाति देविलाल पाण्डेको छोरा स्याङ्गजा जिल्ला विर्घा गाउँपालिका वडा नं. ३ बस्ने वर्ष ५० को यमलाल पाण्डे..........................................१

रत्नप्रसाद नेपालको नाती नवराज नेपालको छोरा जि. खोटाङ्ग हौचुर गा.वि.स. वार्ड नं. ६ बस्ने बर्ष ४६ को रमेश नेपाल.....................................................१

पिताम्बर घिमिरेको नाति रामकृष्ण घिमिरेको छोरा साविक चितवन जिल्ला शारदानगर गा.वि.स. वडा नं. ५ हाल चितवन भरतपुर म.न.पा. वडा नं.२० चन्द्रनगर बस्ने वर्ष ४५ को रविचन्द्र घिमिरे..........................................१

उमानाथको नाति टंकनाथको छोरा हाल काठमाडौं जिल्ला, काठमाडौ महानगरपालिका, वडा नं. ९ बस्ने वर्ष ४३ को रविन अधिकारी...................१

पुण्यप्रसाद सुवेदीको नाति कृष्णप्रसाद सुवेदीको छोरा साविक मोरङ जिल्ला विराटनगर न.पा. वडा नं. १० गहेली बस्ने वर्ष ४७ को राजन सुवेदी............१

गणेशलाल श्रेष्ठको नाति रामलाल श्रेष्ठको छोरा मकवानपुर जिल्ला, हेटौंडा नगरपालिका, वडा नं २ बस्ने वर्ष ४८ को राजु श्रेष्ठ.................................१

जयनारायण भट्टराईको नाति माधव भट्टराईको छोरा साविक मोरङ्ग जिल्ला रतुवामाई

न.पा. वडा नं. ८ हाल कागेश्वरी न.पा. वडा नं. ९ काँडाघारी बस्ने वर्ष ४६ को राजेन्द्र प्रसाद भट्टराई......................................................................१

भीम बहादुर थापा क्षेत्रीको नाति फत्ते बहादुर थापा क्षेत्रीको छोरा बिराटनगर म.न.पा. वड़ा नं. १० बस्ने वर्ष ५३ को राजेन्द्र बहादुर थापा क्षेत्री..............१

स्व.कामेश्वर मिश्रको नाति योगचन्द्र मिश्रको छोरा साविक रौतहट जिल्ला बसतपुर गा.वि.स. वडा नं. ४ हाल रौतहट जिल्ला गौर न.पा. वडा नं. ८ बस्ने वर्ष ४८ को राजेश कुमार मिश्र...................................................................१

खिलबहादुरको नाती दुर्गाबहादुरको छोरा जि. गोरखा मिरकोट गा.वि.स.वार्ड नं. ५ बस्ने स्थायी घर भै हाल भरतपुर महानगरापालिकाको कम्प्युटर अधिकृत पदमा कार्यरत वर्ष ४९ को रामकुमार अधिकारी..............................................१

चितवन जिल्ला दिव्यनगर गा.वि.स. वडा नं. ६ घर प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवारको कम्प्युटर अधिकृत पदमा कार्यरत वर्ष ५३ को रुक्माङ्गद पौडवाल..........................................................................................१

धाना ठाकुरको नाति विन्देश्वर ठाकुरको छोरा महोत्तरी गा.वि.स. वडा नं.४३ सिमरदही बस्ने वर्ष ४१ को रेवती रमण ठाकुर.......................................१

स्व. शिवदत्त उपाध्यायको नाति मिन प्रसाद आचार्यको छोरा साविक महोत्तरी जिल्ला माइस्थान गा.वि.स. वडा नं. ५ हाल भक्तपुर जिल्ला मध्यपुर थिमि न.पा. वडा नं. ९ बस्ने वर्ष ५० को लक्ष्मण आचार्य....................................................१

हेमन राय यादवको नाति ठकन यादवको छोरा साविक महोत्तरी जिल्ला औरही गा.वि.स. वडा नं. १ बस्ने वर्ष ४६ को विष्णु यादव..................................१

प्रेमको नाति सन्तुको छोरा जिल्ला धनुषा, मानसिंहपट्टी गा.वि.स. वडा नं. २ बस्ने वर्ष ४५ को वीरेन्द्र साह सुडीं..............................................................१

सबंध यादवको नाति राजिव लोचन यादवको छोरा सिरहा विद्यानगर गा.वि.स. वडा

नं. ५ वर्ष ४८ को शत्रुधन यादव........................................................१

माधव प्रसाद उपाध्यायको नाति श्रीधर कुमार उपाध्यायको छोरा साविक दाङ जिल्ला त्रिभुवननगर न.पा. वडा नं. ४ हाल दाङ जिल्ला घोराही उ.म.न.पा. वडा नं. १७ बेलभार बस्ने वर्ष ४२ को शम्भु घिमिरे..................................................१

पुण्य प्रसाद न्यौपानेको नाति माधव प्रसाद न्यौपानेको छोरा का.जि.का.म.न.पा. वडा नं. १० नयाँ बानेश्वर बस्ने वर्ष ४८ को श्याम प्रसाद न्यौपाने........................१

अवध रायको नाति भरत रायको छोरा सर्लाही जिल्ला धनकौल वडा नं. ३ बस्ने वर्ष ५० को सकलदेव राय..................................................................१

"स्व. खगेश्वरको नाती स्व. दामोदरको छोरा जि. तनहुँ चिसापानी गा.वि.स. वडा नं. ९ स्थायी घर भै हाल अर्थ मन्त्रालय, रसुवा भन्सार कार्यालयको कम्प्युटर अधिकृत पदमा कार्यरत वर्ष ४८ को सन्तोष ढुङ्गना................................................१

कहरसिंह कार्कीको नाति बमबहादुर कार्कीको छोरा साविक दोलखा जिल्ला मेलुङ्ग गा.वि.स. वडा नं. ३ हाल ललितपुर जिल्ला ललितपुर उ.म.न.पा. वडा नं. १४ धोबिघाट बस्ने वर्ष ५४ को सम्बर बहादुर कार्की......................................१

तिलकबहादुर बस्नेतको नाति ईन्द्र बहादुर बस्नेतको छोरा साविक काभ्रेपलाञ्चोक जिल्ला काभ्रे नित्यचण्डेश्वर गा.वि.स. वडा नं. ४ हाल धुलिखेल न.पा. वडा नं. ९ रानाछाप बस्ने वर्ष ४५ को सानोकाजी बस्नेत...........................................१

हरिप्रसाद न्यौपानेको नाति बासुदेव न्यौपानेको छोरा साविक झापा जिल्ला चन्द्रगढी गा.वि.स. वडा नं. १ हाल भक्तपुर जिल्ला सूर्यविनायक न.पा. वडा नं. ४ बस्ने वर्ष ५० को सुदर्शन न्यौपाने...................................................................१

गञ्जसिंह अधिकारीको नाति केशरबहादुर अधिकारीको छोरा साविक तनहुँ जिल्ला मिर्लुङ्ग गा.वि.स. वडा नं. ५ हाल का.जि.का.म.न.पा. वडा नं. ११ थापाथली बस्ने वर्ष ४४ को सुवास अधिकारी...............................................................१

कृष्णविलास वास्तोलाको नाति भोजराज वास्तोलाको छोरा लमजुङ्ग जिल्ला, चन्द्रेश्वर गा.७ .वडा नं.स.वि. हाल) सुन्दरबजार नगरपालिका, वडा नं. ३, लमजुङ्ग (बस्ने वर्ष ४८ को सुरेश वास्तोला..........................................................................१

कृष्णप्रसाद उपाध्यायको नाति सूर्यप्रसाद नेपालको छोरा साविक का.जि. चोभार भूतखेल गा.वि.स. वडा नं.७ हाल का.जि. किर्तिपुर न.पा. वडा नं. ६ टौदह बस्ने वर्ष ४४ को सुशीलप्रसाद नेपाल..........................................................................१

लक्ष्मीकान्त पोखरेलको नाति नन्दराज पोखरेलको छोरा भद्रपुर ११ झापा बस्ने वर्ष ४८ को हरि कृष्ण पोखरेल..........................................................................१

हरिप्रसादको नाति डम्बरप्रसादको छोरा जि. नुवाकोट मदानपुर गा.वि.स. वडा नं. ५ स्थायी घर भै विराटनगर भन्सार कार्यालय, विराटनगरको कम्प्युटर अधिकृत पदमा कार्यरत वर्ष ५२ को हरि प्रसाद सेढाईं..........................................................१

रोहित खड्काको नाति डम्बर सिं खड्काको छोरा डडेल्धुरा जिल्ला, अजयमेरु गाउँपालिका, वडा नं .१ बस्ने वर्ष ४७ को हरि सिंह खड्का..................................१

खोटाङ्ग जिल्ला ससेश्वर छितापोखरी गा.वि.स. वडा नं. १ घर भई हाल संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सिंहदरवारको कम्प्युटर अधिकृत पदमा कार्यरत वर्ष ४७ को हरिकाजी राई..........................................................................१

बज्रबहादुरको नाती देवेन्द्रबहादुरको छोरा जि. मोरङ्ग इटहरा गा.वि.स. वडा नं. ३ स्थायी घर भैं हाल हाल मोरङ जिल्ला रतुवामाई न.पा. वडा नं.९ इटहरा बस्ने वर्ष ४९ को हरिभक्त महतारा..........................................................................१

शालिकराम अर्यालको नाती तोलाकान्त अर्यालको छोरा जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं. ८ बस्ने वर्ष ४१ को चण्डीप्रसाद अर्याल..........................१

बेलबहादुर पाण्डेको नाती तालबहादुर पाण्डेको छोरा जिल्ला नुवाकोट शिवपुरी गा.पा. वडा नं. ७ बस्ने बर्ष ५१ को अर्जुन पाण्डे समेत जना ८७ को वारेस

काठमाडौं जिल्ला कागेश्वरी मनहरा नगरपालिका वडा नं. ९ बस्ने बर्ष २२ कि सृजना पोखेल.............................................................................१

विरुद्ध

श्री प्रधामन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाण्डौ...................१

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाण्डौ..........१

श्री, बढुवा समितिको सचिवालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार काठमाण्डौ.................................................................१ प्रत्यर्थी

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, निर्देशन तथा समन्वय समितिको सचिवालय, सिंहदरबार, काठमाण्डौ............................................................१

श्री लोकसेवा आयोग, अनामनगर, काठमाण्डौ.............................................१

श्री समायोजन गुनासो व्यवस्थापन समिति, सिंहदरबार, काठमाण्डौ.....................१

श्री आधिकारिक ट्रेड युनियनको कार्यालय, सिंहदरबार, काठमाण्डौ......................१

नेपालको संविधानको धारा ४६ तथा धारा १३३ को उपधारा (२) र (३) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार रहेको छः-

तथ्य खण्ड

१. हामी निवेदकहरु नेपाल निजामती सेवा अन्तर्गतको विविध सेवा, रा.प.अनंकित प्रथम श्रेणीको कम्प्युटर अपरेटर पदमा शुरु नियुक्ति प्राप्त गरी निजामती सेवामा कार्यरत छौ। सेवा प्रवेशको समयमा कम्प्युटर अपरेटर पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता

प्रमाणपत्र तह उतिर्ण र वर्ड प्रोसेसिंग प्याकेजको कुनै एउटा विषयमा घटीमा १ महिनाको तालिम प्राप्त साथै प्याकेज प्रोग्रामिगको कुनै एउटा विषयमा घटीमा १ महिनाको तालिम समेत गरी कम्तिमा दुई महिनाको तालिम प्राप्त गरेको हुनुपर्ने थियो। विविध सेवा अन्तर्गत रहेको उक्त कम्प्युटर अपरेटर पद साविकमा रहेको टाईपिष्टले गर्ने सरहको काम गर्नका लागि सिर्जना गरिएको हो। कम्प्युटर अपरेटर पद कुनै विशेष प्राविधिक पद नभई अप्राविधिक पद हो। निवेदकहरु कम्प्युटर अपरेटर पदमा बहाल रहँदाको अवस्थामा निजामती सेवा ऐन, २०४९ को दोस्रो संशोधनबाट थप गरिएको दफा २४घ१ बमोजिम हाम्रो विशेष बढुवा गरियो। हामी निवेदकहरुको लागि कायम गरेको कम्प्युटर अधिकृत (विशेष) पद र नेपाल विविध सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५० को अनुसूची १ (४), राजपत्रांकित तृतीय श्रेणीमा रहने पदहरु अन्तर्गत कायम गरेको कम्प्युटर अधिकृत समान पद होइन। हामी निवेदकहरुले त्यसरी बढुवा हुनुभन्दा अगाडिको पदमा बहाल रहदा सम्पादन गरेको काम नै सम्पादन गर्नु पर्नेछ भनी गरेको व्यवस्था बमोजिम साविकमा गर्दै आएको कम्प्युटर अपरेटरको काम नै गर्दै आईरहेका थियौं। साविकमा विशेष बढुवा भएका कर्मचारीहरुको समायोजन गर्ने भनी ऐनको दफा २४घ१(७) ले व्यवस्था गरेका भए तापनि ऐ. ऐनको दफा ७(१)(च) ले तत्कालिन समयमा कायम गरेको समायोजन तथा कार्य सम्पादन मुल्याङ्कनबाट हुने बढुवाबाट १० प्रतिशत पदमा मात्र समायोजन गर्ने कानूनी व्यवस्था बमोजिम निवेदकहरुको बढुवा पश्चात समायोजन हुन सकेको थिएन। निजामती सेवा ऐन, २०४९ मा भएको तेस्रो संशोधनबाट दफा २४घ१ खारेज भई थप गरिएको दफा २४घ१ख को उपदफा (१) ले तत्कालीन दफा २४घ१ बमोजिम बढुवा भई समायोजन हुन बाँकी रहेका कर्मचारीलाई समायोजन तथा पदस्थापन गर्ने भनी व्यवस्था गरे बमोजिम निवेदकहरुलाई पुल दरबन्दीमा समायोजन पदस्थापन गर्दा निजामती सेवा नियमावली, २०५० को नियम ८८, ७७क(२) तथा १३८(४) बमोजिम अप्राविधिक तर्फ समायोजन गर्नु पर्नेमा ऐनको भावना विपरित कम्प्युटर अधिकृत, रा.प.तृतीय श्रेणी, नेपाल विविध सेवामा पुल दरबन्दी कायम गरी समायोजन पदस्थापना गरियो। निवेदकहरुलाई कम्प्युटर अधिकृत जस्तो नितान्त प्राविधिक शिक्षा, दक्षता र योग्यताको आवश्यकता पर्ने पदमा

समायोजन पदस्थापन गराउने काम त्रुटिपूर्ण छ। यस सम्बन्धमा सर्वोच्च अदालतबाट सुवेन्द्र श्रेष्ठ समेत विरुद्ध अर्थ मन्त्रालय सिंहदरबार, काठमाण्डौ समेत भएको (०६५-WO-१२८२) रिट निवेदनमा, कल्पना पन्त विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय भएको (०७०-WS-००४६) रिट निवेदनमा तथा हरिप्रसाद भुसाल विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत (०७२-WO-०४१९) को रिट निवेदनमा लोकसेवा आयोगबाट कम्प्युटर अपरेटर र कम्प्युटर अधिकृत पदका लागि निर्धारित शैक्षिक योग्यतामा कुनै तादात्मयता नरहेको नभएको, कम्प्युटर पदको माथिल्लो पद कम्पयुटर अधिकृत होइन भनी व्याख्या भएको छ। हामी निवेदकहरु जस्तै समान शुरु नियुक्ति प्राप्त करिब १६८ जनालाई अप्राविधिकतर्फ शाखा अधिकृत पदमा बढुवा गराउदै आएको अवस्थामा हामी निवेदकहरुलाई कम्प्युटर अधिकृतमा समायोजन पदस्थापना गराई कर्मचारी बढुवा तथा समायोजन गर्ने क्रममा राज्यबाट असमान र विभेदकारी व्यवहार भएको छ, उक्त कार्य समानताको सिद्धान्तको विपरीत छ। हामी निवेदकहरुलाई ऐनको दफा २४घ१ ख बमोजिम संमायोजन पदस्थापना गर्नु पूर्व नै हामीहरु समेतले सामुहिक रुपमा मिति २०७०।१।९ मा प्रत्यर्थी सामान्य प्रशासन मन्त्रालयलाई समानस्तरको अप्राविधिक पदमा समायोजन गर्न भनी निवेदन समेत पेश गरेको थियौं। उक्त निवेदन सम्बन्धमा के कस्तो निर्णय भयो भनी सामान्य प्रशासन मन्त्रालयमा मिति २०७५।०५।१९ (दर्ता नं. ३४१४) मा सूचना पाउँ भनी निवेदन दिंदा मिति २०७५।०७।१२ मा सामान्य प्रशासन मन्त्रालयबाट हाम्रो निवेदन उपर कारबाही भएको अभिलेखबाट नदेखिएको भन्ने जानकारी प्राप्त भयो। प्रत्यर्थीहरुले समस्या समाधान गर्नका लागि भनी श्री अर्जुनमणि आचार्य दीक्षितको संयोजकत्वमा एक कार्यदल गठन गरेको थियो। उक्त कार्यदलले कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा कम्युटर अधिकृत पदमा बढुवा भएका कर्मचारीहरुको नेपाल प्रशासन सेवामा सेवा परिवर्तन र त्यसबाट पर्ने प्रभाव र असर सम्बन्धमा प्रस्तुत गरेको प्रतिवेदन, २०७० मा कम्प्युटर अपरेटर पदबाट कम्प्युटर अधिकृत पदमा विशेष बढुवा भएका मध्ये सबैजसो कर्मचारीसँग बढुवा भएको पदको लागि तोकिएको आवश्यक न्युनतम शैक्षिक योग्यता नपुगेको काम कर्तव्य र जिम्मेवारी निर्वाह गर्न आवश्यक न्यूनतम योग्यता नपुगेको

विद्यमान स्थितिमा उल्लेखित कर्मचारीहरुलाई विविध सेवाबाट अलग गरी निजहरुले दक्षता तथा क्षमता अनुकूल निजामती सेवाभित्र अन्य सेवा समुहको पदमा काममा संलग्न तुल्याउनु उपयुक्त हुन्छ भनी प्रतिवेदन पेश भएको छ। कार्यदलको उक्त सुझाब तथा सिफारिस समेतको आधारमा प्रत्यर्थी सामान्य प्रशासन मन्त्रालयले मिति २०७०।०४।१७ पत्र संख्या ०७०।७१ च नं. २४ मार्फत प्रत्यर्थी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष प्रस्ताव पेश गरेकोमा प्रत्यर्थी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मिति २०७०।११।२६ को च.नं. २८९१ को पत्र मार्फत फिर्ता भयो। त्यसपश्चात पनि हामी निवेदकहरुले प्रत्यर्थी सामान्य प्रशासन मन्त्रालय तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पटक पटक समस्या समाधानको लागि निवेदन दिंदा समेत कुनै सनुवाई नै भएन। निजामती सेवा ऐन (तेस्रो संशोधन) बाट थप गरिएको दफा २४घ१ख को उपदफा (१) बमोजिम कम्प्युटर अधिकृतको पुल दरबन्दीमा राखिएको हामी निवेदकहरुलाई सोहि दफाको प्रावधान बमोजिम सिर्जना गरिने नियमित दरबन्दीमा समायोजन तथा पदस्थापना हुनुपर्ने र त्यस बमोजिम समायोजन गर्दा निवेदकहरुले नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समुहको रा.प. तृतीय श्रेणीमा सेवा प्रवेशको लागि तोकिएको न्युनतम शैक्षिक योग्यता प्राप्त गरेको र आवश्यक पर्ने सम्बन्धित सेवाकालीन तालिम समेत लिएको अवस्थामा निजामती सेवा नियमावलीको नियम ७७क (२) तथा ८८ (६) बमोजिम अप्राविधिक तर्फ बढुवा हुन पाउने स्पष्ट व्यवस्थालाई नजरअन्दाज गरी कम्प्युटर अधिकृत पदमा पदस्थापन गर्ने कार्य गैरकानूनी तथा अन्यायपूर्ण हुँदा निवेदकहरुलाई नेपाल विविध सेवा, रा.प. तृतीय श्रेणी कम्प्युटर अधिकृत पदमा समायोजन पदस्थापना गर्ने सम्बन्धमा तत्कालीन सामान्य प्रशासन मत्रालयको मिति २०७०।०५।०८ र २०७०।०५।१३ को सूचना लगायतका अन्य निर्णय, आदेश, पत्र तथा यस सम्बन्धमा भए गरेका सम्पूर्ण काम कारबाही तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट निवेदकहरुलाई कम्प्युटर अधिकृत पदमा समायोजन गर्ने गरी भएको मिति २०७५।११।१३ को निर्णय तथा उक्त निर्णयानुसार भएको समायोजन तथा उक्त समायोजनसँग सम्बन्धीत सम्पूर्ण काम कारबाही उत्प्रेषणको आदेशले बदर गरी पाऊँ। समान पदमा शुरु नियुक्ति प्राप्त गरेका, समान शैक्षिक योग्यता

भएका निजामती सेवाका कर्मचारीहरुको बढुवा, समायोजन तथा पदस्थापना समेत समानताको सिद्धान्त बमोजिम समान रुपमा हुने गरी निवेदकहरुको **निजामती सेवा ऐनको दफा २४घ१ बमोजिम भएको कम्प्युटर अधिकृत (विशेष) को बढुवालाई निजामती सेवा ऐनको दफा २४घ१ख, निजामती सेवा नियमावलीको नियम ८८, साविक नियम ७७क** (२), र नियम १३८ (४) समेतको व्यवस्था बमोजिम अप्राविधिक तर्फको सेवामा समायोजन पदस्थापन गर्नु गराउनु भनी प्रत्यर्थीहरुका नाममा परमादेशको आदेश जारी गरी निजामती सेवाका कर्मचारीहरुको बढुवा गर्दा समान स्तरका कर्मचारीहरुको बढुवा समान रुपमा हुने गरी सेवा समुहको तादम्यता, न्यूनतम शैक्षिक योग्यताको सुनिश्चितता, वैध अपेक्षाको सिद्धान्त बमोजिम कर्मचारीले प्राप्त गर्ने वृत्ति विकासको अवसर जस्ता कुरामा सदैव ध्यान पुर्याउदै निजामती सेवाको प्रभावकारिता, गुणस्तर र निजामती कर्मचारीले प्राप्त गर्ने वृत्ति विकासको अवसर समेतलाई प्राथमिकतामा राख्नको लागि आवश्यक पर्ने व्यवस्था गर्नु भनी प्रत्यर्थीहरुका नाममा निर्देशनात्मक आदेश समेत जारी गरी पाऊँ। प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म निवेदकहरुलाई प्रत्यर्थी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५।११।१३ को निर्णय बमोजिम प्रकाशित कम्प्युटर अधिकृतहरुको समायोजन दरबन्दी सुचीलाई प्रत्यर्थीको २०७५।११।१४ को आधिकारिक जानकारी अन्तिम मानी निवेदकहरुलाई कम्प्युटर अधिकृत पदमा समायोजन पदस्थापन गर्ने कार्य नगर्नु नगराउनु भनी अन्तरिम आदेश समेत जारी गरी पाउँ भन्नेसमेत व्यहोराको निवेदन पत्र।

२. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नुपर्ने हो ? आदेश जारी हुनु नपर्ने आधार र कारण भए सो समेत साथै राखी यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र प्रत्यर्थी नं. १, २, ३, ४, ५ र ६ का हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत र प्रत्यर्थी नं. ७ को हकमा आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्न भनी यो आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी प्रत्यर्थीहरूलाई म्याद सूचना पठाई सोको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु। निवेदकले अन्तरिम आदेश माग गरेको सम्बन्धमा विचार गर्दा, दुवै

पक्ष राखी छलफल गर्न उपयुक्त देखिँदा सो प्रयोजनको लागि मिति २०७५।१२।२९ गतेको पेशी तोकी प्रत्यर्थीहरूलाई सोको जानकारी दिनू। उक्त अन्तरिम आदेशको छलफलको टुङ्गो नलागेसम्म सामान्य प्रशासन मन्त्रालयको मिति २०७५।११।१३ को निर्णय कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी प्रत्यर्थीहरुको नाउँमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(ख) बमोजिम अल्पकालीन अन्तरिम आदेश जारी गरी दिएको छ। नियमानुसार पेस गर्नू भन्नेसमेत व्यहोराको यस अदालतबाट मिति २०७५।१२।२५ मा भएको आदेश।

३. निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ख. बमोजिम कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा बढुवा भएका कर्मचारीको समायोजन पदस्थापना सेवा, समूह वा उपसमूह संचालन गर्ने मन्त्रालयले गर्ने व्यवस्था बमोजिम निवेदकहरुको समायोजन पदस्थापना भएको हो। निजामती सेवा ऐन, २०४९ को साविक २४घ१ बमोजिम नेपाल विविध सेवा अन्तर्गत पदबाट बढुवा भएका कर्मचारीलाइ सेवा समूह परिवर्तनको बाटो बाहेक अन्य सेवा समूहमा समायोजन गर्न आदेश गरी पाउँ भनी निवेदकहरुले लिएको माग दावी कानून सम्मत छैन। कर्मचारी समायोजन ऐन, २०७५ अनुसार कर्मचारीको समायोजन गर्ने कार्यमा यस आयोगको कुनै भूमिका र संलग्नता नरहेको नभएकोले प्रस्तुत रिट निवेदन खारेज भागी छ। रिट निवेदकहरुले यस आयोगबाट भएको के, कुन काम कारबाही तथा निर्णयबाट निजहरुको के, कस्तो संवैधानिक तथा कानूनी हक अधिकारको हनन् भएको हो, सो विषयमा रिट निवेदनमा कही कतै उल्लेख नगरेको र रिट निवेदनमा यस आयोगलाई प्रत्यर्थी बनाउनु पर्ने आधार र कारण समेत कही कतै उल्लेख भएको नदेखिंदा यस आयोगलाई प्रत्यर्थी बनाई दायर भएको प्रस्तुत रिट निवेदन खारेज गरी पाऊँ भन्नेसमेत व्यहोराको लोकसेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर काठमाडौंको लिखित जवाफ।

४. निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ मा कार्य सम्पादन तथा अनुभवको मूल्यांकनद्वारा गरिने बढुवासम्बन्धी विशेष व्यवस्था गरी राजपत्र अनंकित प्रथम श्रेणीको पदमा कम्तीमा बाह्र वर्ष सेवा अवधि पूरा गरेको निजामती कर्मचारीले सम्बन्धित सेवा समूह वा उपसमूहको पदमा सेवा प्रवेश गर्दा वा समूहीकृत हुँदाका वखत निर्धारित आवश्यक

न्यूनतम शैक्षिक योग्यताभन्दा माथिल्लो शैक्षिक योग्यता सेवा प्रवेश वा समूहीकृत हुनुभन्दा अघि वा पछि प्राप्त गरेको भए एक श्रेणी माथिको पदमा बढुवा गरिने समेतको व्यवस्था भए बमोजिम प्रत्यर्थीहरुलाई नेपाल विविध सेवाको राजपत्र अनंकित प्रथम श्रेणीको कम्प्यूटर अपरेटर पदबाट सोही सेवाको राजपत्रांकित तृतीय श्रेणीको कम्प्यूटर अधिकृत पदमा विशेष बढुवा गरी समायोजन गरिएको हो। मिति २०७०।१२।१२ मा निजामती ऐन, २०४९ मा भएको तेस्रो संशोधनले उक्त दफा २४घ१ खारेज गरी सो दफा बमोजिम बढुवा भएका त्यस्ता कर्मचारीको समायोजनका लागि सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालयले सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोगमा पुल दरवन्दी सिर्जना गरी त्यस्तो दरवन्दीमा समायोजन पदस्थापन गर्नेसमेतको व्यवस्था गरी दफा २४घ१ख. थप भएको हुँदा सोही व्यवस्था बमोजिम निजहरुको समायोजन र पदस्थापन भएको अवस्था हो। हाल कर्मचारी समायोजन ऐन, २०७५ को दफा ३ बमोजिम संघ, प्रदेश र स्थानीय तहको संगठन संरचना तथा कर्मचारी दरवन्दी नेपाल सरकारले स्वीकृत समेत गरिसकेको र सो ऐनको दफा ७ बमोजिम सरकारी सेवाका कर्मचारी समायोजन गर्दा सम्बन्धित सेवा समूह, उपसमूह, श्रेणी वा तहको पदमा समायोजन गर्नुपर्ने समेतको व्यवस्था बमोजिम निजहरुलाई सम्बन्धित सेवाको सोही पदमा समायोजन गरिएको हो। यसरी प्रचलित कानून बमोजिम निजहरुलाई बढुवा गरी पदस्थापन र समायोजन गरिएको र सो बमोजिम निजहरुले चित्त बुझाई तलब भत्तासमेतको सुविधा लिई आएको अवस्थामा लामो अवधि व्यतित भएपश्चात हाल आएर अर्को सेवा समूहको पदमा समायोजनको माग दावी लिनु तर्कसंगत र कानूनसंगत नभएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, बढुवा समितिको सचिवालय तथा निर्देशन तथा समन्वय समितिको लिखित जवाफ।

५. निजामती सेवा ऐन, २०४९ मा तेस्रो संशोधन भई दफा २४घ१ को व्यवस्था खारेज हुनु अघि भएको व्यवस्था बमोजिम प्रत्यर्थीहरुलाई नेपाल विविध सेवाको राजपत्र अनंकित प्रथम श्रेणीको कम्प्यूटर अपरेटर पदबाट सोही सेवाको राजपत्रांकित तृतीय श्रेणीको कम्प्यूटर अधिकृत पदमा विशेष बढुवा गरी समायोजन गरिएको हो। मिति २०७०।१२।१२ मा

निजामती ऐन, २०४९ मा भएको तेस्रो संशोधनले उक्त दफा २४घ१ खारेज गरी सो दफा बमोजिम बढुवा भएका त्यस्ता कर्मचारीको समायोजनका लागि सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालयले सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोगमा पुल दरवन्दी सिर्जना गरी त्यस्तो दरवन्दीमा समायोजन पदस्थापन गर्ने समेतको व्यवस्थापन गरी दफा २४घ१ख थप भएको हुँदा सोही व्यवस्था बमोजिम निजहरुको समायोजन र पदस्थापन भईसकेकोलाई निवेदकले अन्यथा भन्न मिल्ने देखिदैन। हाल कर्मचारी समायोजन ऐन, २०७५ को दफा ३ बमोजिम संघ, प्रदेश र स्थानीय तहको संगठन संरचना तथा कर्मचारी दरवन्दी नेपाल सरकारले स्वीकृत समेत गरिसकेको र सो ऐनको दफा ७ बमोजिम सरकारी सेवाका कर्मचारी समायोजन गर्दा सम्बन्धित सेवा समूह, उपसमूह, श्रेणी वा तहको पदमा समायोजन गर्नुपर्ने समेतको व्यवस्था बमोजिम निजहरुलाई सम्बन्धित सेवाको सोही पदमा समायोजन भएको र प्रचलित कानून बमोजिम निजहरुलाई बढुवा गरी पदस्थापन र समायोजन गरिएकोमा सो बमोजिम निजहरुले चित्त बुझाई तलब भत्ता समेतको सुविधा लिई आएको अवस्थामा लामो अवधि व्यतित भएपश्चात हाल आएर अर्को सेवा समूहको पदमा समायोजनको माग दावी लिनु तर्कसंगत र कानूनसंगत तथा विलम्वको सिद्धान्त समेत विपरित भएकोले प्रस्तुत निवेदन प्रारम्भमै खारेजभागी छ। रिट निवेदकहरुले पेश गरेको नजीरमा रा.प. अनंङ्कित विविध सेवाको कम्प्युटर अपरेटर समेतलाई प्रशासन सेवा, समान्य प्रशासन समुहको रा.प. तृतीय श्रेणीको पदका लागि बढुवा हुन तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको भएमा सो पदमा बढुवाका लागि सम्भाब्य उम्मेदवार हुन सक्ने सम्मको सार रहेको देखिन्छ। कम्प्युटर अपरेटरको पदबाट विशेष बढुवा भई कम्प्युटर अधिकृत भई सकेकोलाई सेवा वा समुह नै परिवर्तन हुने गरी अप्राविधिक पदमा लैजान मौजुदा कानूनी व्यवस्थाले मिल्ने देखिदैन। नेपालको संविधानको धारा २४३ को उपधारा (६) को देहाय (घ) ले त्यस्ता विषयमा लोक सेवा आयोगको परामर्श समेत लिनु पर्ने विषयमा सेवा, समुह तथा पदनाम परिवर्तन भएन भनी निवेदकहरुले गरेको मागदावी कानून सम्मत छैन। जहासम्म समायोजनको प्रश्न छ तत् सम्बन्धमा कर्मचारी समायोजन ऐन, २०७५ का प्रावधान बमोजिम सबैलाई समान हुने गरी कर्मचारी समायोजन ऐनको दफा ८ मा उल्लेखित आधार समेतका

आधारमा भएको समायोजनको कार्यलाई अन्यथा भन्ने दावी नै आधारहीन छ। कुन पदको कहाँ कति दरवन्दी राख्ने, दरवन्दी थप गर्ने, घटाउने वा कुन कर्मचारी खटाउने भन्ने जस्ता विषय नितान्त प्रशासकीय एवं व्यवस्थापकीय क्षेत्राधिकारका विषय हुन्। दरवन्दी अनुसार समायोजन हुने विषय कानूनी विषय (Question of law) नभई तथ्यगत विषय (Question of fact) भएको र तथ्यगत विषयमा असाधारण अधिकार क्षेत्र अन्तरगत रिट क्षेत्रबाट अदालत प्रवेश गर्न मिल्दैन। कुनै वस्तुनिष्ठ आधार, कारण र प्रमाण बिना दायर भएको प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको प्रधामन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ।

६. यसमा प्रत्यर्थीहरुको नाममा जारी भएको म्यादको सन्दर्भमा प्रत्यर्थीहरुमध्ये आधिकारीक ट्रेड युनियनको कार्यालय, सिंहदरबार काठमाडौं र समायोजन, गुनासो व्यवस्थापन समिति, काठमाडौंको तर्फबाट लिखित जवाफ परेको नदेखिई थाम्ने थमाउने म्यादसमेत समाप्त भएको देखिएको र अन्य प्रत्यर्थीहरुबाट लिखित जवाफ परिसकेको देखिँदा प्रस्तुत रिट निवेदन पुर्ण सुनुवाईको लागि नियमानुसार गरी पेश गर्नु भन्नेसमेत व्यहोराको मिति २०७६।३।१ मा यस अदालतबाट भएको आदेश।

७. यसमा प्रस्तुत निवेदनसंग सम्बन्धित, तत्कालिन समान्य प्रशासन मन्त्रालयबाट मिति २०७०।०५।०८, ०७०।०५।१३ र २०७५।११।१३ मा नेपाल विविध सेवा, रा.प. तृतिया श्रेणी, कम्प्युटर अधिकृत (विशेष) पदमा समायोजन पदस्थापन गर्ने सम्बन्धमा भएको निर्णय सहितको फायल संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट झिकाई आएपछि नियमानुसार पेश गर्नुहोला भन्नेसमेत व्यहोराको मिति २०७६।०४।३१ मा यस अदालतबाट भएको आदेश।

## <u>यस अदालतको आदेश</u>

८. नियम बमोजिम दैनिक मुद्दा पेशी सूचीमा चढी निर्णयार्थ यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा रिट निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री कृष्ण प्रसाद सापकोटा र श्री टिकाराम भट्टराई तथा विद्वान अधिवक्ता श्री सुवास आचार्यले रिट निवेदकहरु नेपाल विवध सेवाको कम्प्युटर अपरेटर पदमा शुरु नियुक्ति लिई साविक निजामती सेवा

ऐन, २०४९ को दफा २४घ१ बमोजिम बढुवा हुँदा दफा २४घ१(६) बमोजिम कायम भएको कम्प्युटर अधिकृत (विशेष) पदमा बढुवा भएकोमा दफा २४घ१ख बमोजिम समायोजन पदस्थापन गराउँदा निजामती सेवा नियमावलीको नियम ८८, ७७क(२) तथा नियम १३८(४) बमोजिम अप्राविधिकतर्फ समायोजन गर्नु पर्नेमा न्यूनतम शैक्षिक योग्यता नभएको रा.प. तृतीय श्रेणी कम्प्यूटर अधिकृत पदमा समायोजन पदस्थापना गरिएको छ। कम्प्युटर अपरेटर पदको माथिल्लो पद कम्प्यूटर अधिकृत होइन भनी सर्वोच्च अदालतबाट पटकपटक व्याख्या भएको र समान शैक्षिक योग्यता, समान शुरु नियुक्ति प्राप्त कर्मचारीहरुलाई अप्राविधिक तर्फ शाखा अधिकृत पदमा बढुवा गराउँदै आएको अवस्थामा यी निवेदकहरुलाई भने कम्प्यूटर अधिकृतमा समायोजन पदस्थापन गराई बढुवा तथा समायोजन गर्ने क्रममा असमान विभेदकारी व्यवहार भएको हुँदा तत्कालिन सामान्य प्रशासन मन्त्रालयको मिति २०७०।०५।०८ र २०७०।०५।१३ को सूचना लगायतको निर्णय, आदेश, परिपत्र र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट कम्प्यूटर अधिकृतमा समायोजन गर्ने गरी भएको मिति २०७५।११।१३ को निर्णयसमेत उत्प्रेषणको आदेशले वदर गरी यी रिट निवेदकहरुलाई अप्राविधिक तर्फको सेवामा समायोजन पदस्थापन गर्नु गराउनू भनी परमादेश समेत जारी गरिपाउँ भनी गर्नु भएको वहस समेत सुनियो।

९. प्रत्यर्थीहरुका तर्फबाट उपस्थित हुनुभएका विद्वान उपन्यायाधिवक्ता श्री पोषराज खनालले यी रिट निवेदकहरुलाई कम्प्युटर अपरेटरको पदबाट निजामती सेवा ऐन, 2049 को दफा 24घ१ बमोजिम विशेष वढुवा गरी कम्पयुटर अपरेटर पदमा समायोजन पदस्थापना गरिएकोमा सो बमोजिम निजहरुले चित्त बुझाई तलब भत्ता समेतको सुविधा लिई आएको अवस्थामा लामो अवधि व्यतित भएपश्चात हाल आएर अर्को सेवा समूहको पदमा समायोजनको माग दावी लिनु तर्कसंगत र कानूनसंगत तथा विलम्वको सिद्धान्त समेत विपरित भएकोले प्रस्तुत निवेदन खारेज गरी पाउँ भनी गर्नु भएको वहस समेत सुनियो।

१०. निवेदक तथा प्रत्यर्थी दुवैतर्फबाट प्रस्तुत बहससमेत सुनी, रिट निवेदन, लिखित जवाफ लगायतका अन्य मिसिल संलग्न सम्पूर्ण कागजातहरु अध्ययन गरी हेर्दा निवेदन माग बमोजिम उत्प्रेषण परमादेशको आदेश जारी हुनुपर्ने हो होइन भन्ने बिषयमा निर्णय दिनुपर्ने देखिन

आयो।

११. निर्णयतर्फ विचार गर्दा, निवेदकहरु निजामती सेवा अन्तर्गतको नेपाल विविध सेवा, रा.प.अनं. प्रथम श्रेणी कम्प्यूटर अपरेटर पदमा शुरु सेवा प्रवेश गरी हाल नेपाल विविध सेवा, रा.प.तृतीय श्रेणी, कम्प्यूटर अधिकृत (विशेष) पदमा बढुवा भई कार्यरत रहेको अवस्थामा हामीहरुलाई निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ख को उपदफा (१) बमोजिम पुल दरबन्दीमा समायोजन पदस्थापन गर्दा निजामती सेवा नियमावली, २०५० को नियम ८८, साविक नियम ७७क (२) र नियम १३८ (४) बमोजिम अप्राविधिक तर्फ समायोजन गर्नु पर्नेमा उक्त ऐनको भावना विपरित कम्प्यूटर अधिकृत जस्तो नितान्त प्राविधिक योग्यताको आवश्यकता पर्ने पदमा समायोजन तथा पदस्थापना गर्ने तत्कालीन सामान्य प्रशासन मन्त्रालयको मिति २०७०।०५।०८ र मिति २०७०।०५।१३ को सूचना लगायत सो सम्बन्धमा भए गरेका सम्पूर्ण निर्णय, पत्र, परिपत्र एवं काम कारबाही तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५।११।१३ को निर्णय उत्प्रेषणको आदेशले बदर गरी निवेदकलाई अप्राविधिक तर्फको सेवामा समायोजन गरी पदस्थापन गर्नु गराउनु भनी प्रत्यर्थीहरुको नाममा परमादेश लगायत उपयुक्त आज्ञा आदेश जारी गरी पाउँ भन्ने निवेदकहरुको मूख्य निवेदन जिकिर रहेको पाईयो।

१२. निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ख. बमोजिम कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा बढुवा भएका कर्मचारीको समायोजन पदस्थापना सेवा, समूह वा उपसमूह संचालन गर्ने मन्त्रालयले गर्ने व्यवस्था भए अनुरुप निजहरुको सो व्यवस्था बमोजिम समायोजन पदस्थापना भई सकेको र उक्त पदस्थापना तथा समायोजनको निर्णयमा चित्त बुझाई तलब भत्ता समेतको सुविधा लिई आएको अवस्थामा लामो अवधि व्यतित भएपश्चात हाल आएर अर्को सेवा समूहको पदमा समायोजनको माग दावी लिनु तर्कसंगत र कानूनसंगत तथा विलम्वको सिद्धान्त समेत विपरित भएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको प्रत्यर्थीहरु लोक सेवा आयोग, केन्द्रीय कार्यालय, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, बढुवा समितिको सचिवालय तथा निर्देशन तथा समन्वय समिति तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यलयको लिखित जवाफ रहेको पाईयो।

१३. यी रिट निवेदकहरुलाई कम्पयुटर अपरेटरको पदबाट निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ बमोजिम विशेष वढुवा गरी कम्प्यूटर अधिकृतको पदमा समायोजन पदस्थापना गरिएकोमा चित्त बुझाई तलब भत्ता समेतको सुविधा लिई आएको अवस्थामा लामो अवधि व्यतित भएपश्चात हाल आएर अर्को सेवा समूहको पदमा समायोजन गरी पाउँ भनी दायर भएको प्रस्तुत रिट निवेदन विलम्वको सिद्धान्तको आधारमा खारेजभागी छ भनी प्रत्यर्थीहरुले लिखित जवाफमा जिकिर लिएको देखिंदा सोतर्फ विचार गर्नुपर्ने देखियो। साविकको सामन्य प्रशासन मन्त्रालयबाट मिति २०७०।५।८ र मिति २०७०।५।१३ मा नेपाल विविध सेवा रा.प. तृतिय श्रेणी, कम्प्यूटर अधिकृत विशेष पदमा समायोजन पदस्थापना सम्बन्धी सूचना जारी भई समायोजन तथा पदस्थापनाको कार्य शुरु गरेको पाईन्छ भने यी निवेदकहरुलाई सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको मिति २०७५।११।१३ को मन्त्रीस्तरको निर्णयबाट कम्प्यूटर अधिकृतको पदमा पदस्थापना र समायोजन गरेको देखिन्छ। यस समायोजन सम्बन्धमा यी निवेदकहरुले मिति २०७२।४।११ मा द.नं. ४२६।०७२।४।११ मार्फत समान स्तरको अप्राविधिक पदमा समायोजन गरी पाउँ भनी निवेदन दिएको देखिन्छ भने उक्त निवेदनको सम्बन्धमा ताकेता समेत गरेको यी निवेदकहरुले सामान्य प्रशासन मन्त्रालयमा मिति २०७५।५।१९ मा द.नं. ३४१४ मार्फत दर्ता गरिएको निवेदन समेत मिसिल संलग्न रहेको देखिंन्छ भने मिति २०७५।९।२६ मा समेत द.नं. १२१६६ मार्फत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा निवेदन दायर गरेको देखिंदा यी रिट निवेदकहरुले प्राशासनिक प्रकृयाबाट आफ्नो निवेदन उपर कुनै कारबाही नभएपश्चात यस अदालतमा प्रस्तुत रिट निवेदन दायर गरेको देखिंदा प्रस्तुत रिट निवेदन विलम्व गरी दायर गरिएको भन्न मिलेन। रिट निवेदकहरुले विलम्व गरी प्रस्तुत रिट निवेदन दायर गरेको नदेखिएपनि रिट निवेदन साथ पेश गरिएको ०७२-WO-०४१९ को रिट निवेदनमा निजामति सेवा नियमावाली, २०५० को नियम ८८ बमोजिम कम्प्युटर अपरेटर र सहायक कम्प्युटर अपरेटरहरुले प्रशासन सेवा समान्य प्रशासन समुहतर्फ हुने बढुवा प्रकृयामा सम्भाव्य उम्मेदावारको रुपमा भाग लिन पाउने हुँदा भाग लिन पाउँ भनी निवेदन दायर गरेकोमा कम्प्युटर अपरेटरहरु निजामति सेवा नियमावाली, २०५० को नियम ८८(३)

मा भएको व्यवस्था बमोजिम प्रशासन सेवा समान्य प्रशासन समुहतर्फ हुने जेष्ठता र कार्यसम्पादन मूल्याकंनद्वारा हुने बढुवामा सम्भाव्य उम्मेदवार हुन सक्ने हुँदा बढुवा प्रकृयामा समावेश गराउनु भनी रिट जारी भएको पृष्ठभुमीमा उक्त प्रतिफललाई मध्यनजर गरी प्रस्तुत रिट निवेदन दायर गरेको देखिन्छ। उक्त रिट निवेदन र प्रस्तुत रिट निवेदनमा रिट निवेदकहरुको अवस्था फरक रहेको देखिन्छ। उक्त रिट निवेदनमा रिट निवेदकहरु कम्प्यूटर अपरेटरको पदमा कार्यरत रहेको र प्रशासन सेवा समान्य प्रशासन समुहतर्फ राजपत्रांकित तृतिय श्रेणिको लागि जेष्ठता र कार्यसम्पादन मूल्याकंनद्वारा हुने बढुवा प्रकृयामा सम्भाव्य उम्मेदवारको रुपमा भाग लिन पाउँ भन्ने निवेदन मागदावी लिएको अवस्था छ भने प्रस्तुत रिट निवेदनको सन्दर्भमा रिट निवेदकहरुको कम्प्युटर अपरेटरको पदबाट कम्प्युटर अधिकृतको पदमा बढुवा भई नेपाल विविध सेवातर्फ समायोजन भईसकेकोमा उक्त समायोजन गरेको मिलेन भनी नेपाल प्रशासन सेवा समुहतर्फ समायोजन तथा पदस्थापना गरी पाउँ भन्ने निवेदन जिकिर लिई प्रस्तुत रिट निवेदन दायर हुने आएको देखियो।

१४. अब,यी निवेदकहरुलाई कम्प्युटर अपरेटरको पदबाट कम्प्युटर अधिकृतको पदमा बढुवा गरी नेपाल विविध सेवा अन्तर्गत रहेको कम्प्युटर अधिकृतको पदमा समायोजन गर्ने कार्य कानून सम्मत रहे नरहेको तर्फ विचार गर्नु पर्ने देखियो। निवेदकहरु निजामती सेवा ऐन, 2049 को दफा 3 मा उल्लिखित नेपाल विविध सेवा अन्तर्गतको राजपत्र अंनङ्कित प्रथम श्रेणीको कम्प्यूटर अपरेटर पदबाट सेवा प्रवेश गरेको देखिन्छ। मिसिल संलग्न समान्य प्रशासन मन्त्रालयको बढुवा नियुक्ति पत्रबाट यी निवेदकहरुलाई निजामती सेवा ऐन, 2049 को दफा 24घ१ को उपदफा (६) बमोजिम विशेष पद सृजना गरी कम्प्यूटर अधिकृतको पदमा बढुवा गरिएको र निजामती सेवा ऐन, 2049 मा मिति 2070।12।12 मा भएको तेस्रो संशोधनबाट दफा २४घ१ खारेज भई थप गरिएको दफा २४घ१ख को उपदफा (१) मा भएको व्यवस्था बमोजिम कम्प्यूटर अधिकृतको पदमा पदस्थापना र समायोजन गरिएको देखिन्छ। निवेदकहरुले कम्प्यूटर अपरेटरको पदबाट ज्येष्ठता र कार्यसम्पादन मूल्याकंनद्वारा हुने बढुवाको लागि माथिल्लो पद कम्प्यूटर अधिकृतको पद नभएको र कम्प्यूटर अपरेटर र कम्प्यूटर अधिकृत पदका लागि निर्धारित शैक्षिक योग्यतामा कुनै तादात्मयता नरहेको हुँदा

निजामती सेवाको अप्राविधिकतर्फ समायोजन तथा पदस्थापना गरी पाउँ भनी जिकिर लिएको देखिन्छ। निजामती सेवा ऐन,2049 को दोस्रो संसोधनबाट थप गरिएको दफा 24घ१ को उपदफा (6) मा "...बढुवा गर्नको लागि त्यस्तो कर्मचारी बहाल रहेको कार्यालयमा सम्बन्धित सेवा, समुह वा उपसमुहको एक श्रेणी माथिको विशेष पद स्वतः सृजना हुनेछ र त्यस्तो पदमा सम्बन्धित निकायले बढुवा गरेपछि बढुवा कायम भएको मितिदेखि लागू हुने गरी बढुवा भएको विशेष पद निजामती किताबखानाले दर्ता गर्नेछ" भनी भएको व्यवस्था बमोजिम यी निवेदकहरुको हकमा कम्प्यूटर अधिकृतको विशेष पद सिर्जना गरी बढुवा गरेको देखिंदा नेपाल विवध सेवा (गठन,समुह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु,2050 को अनुसूची 1(४) अन्तर्गत रहेको राजपत्राङ्कित तृतिय श्रेणीको कम्प्यूटर अधिकृतको पद समान पद रहेको पाइएन। कम्प्यूटर अपरेटरको बढुवा सम्बन्धमा निजामती सेवा नियमावली,2050 को नियम 88 मा व्यवस्था गरेको पाईन्छ। ऐ. नियमावलीको नियम 88 को उपनियम (2) मा "टाइपिष्ट निजामती कर्मचारी सम्बन्धित सेवाको अप्राविधिक तर्फको पदको बढुवामा सम्भावित उम्मेदवार हुन पाउनेछन्" भनी व्यवस्था गरेको पाईन्छ भने उप नियम (३) मा "उपनियम (२) बमोजिमको सम्भाव्य उम्मेदवार हुन सम्बन्धित निजामती कर्मचारीले नेपाल सरकार वा नेपाल सरकारले तोकेको निकायबाट सञ्चालित सेवासँग सम्बन्धित कम्तिमा एक महिनाको तालिम लिएको र बढुवा हुने पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनु पर्नेछ" भनी व्यवस्था गरेकोमा ऐ.को उपनियम (६) मा "उपनियम (१),(२) र (३) मा रहेको बढुवा सम्बन्धी व्यवस्था नेपाल विविध सेवामा रहेका कम्प्यूटर अपरेटर तथा सहायक कम्प्यूटर अपरेटर पदमा कार्यरत निजामती कर्मचारीको हकमा समेत लागू हुनेछ" भनी व्यवस्था गरेको पाईन्छ।

१५. लोकसेवा आयोगबाट संचालन हुने कम्प्यूटर अधिकृतको पदको लागी कम्प्यूटर साइन्समा स्नातक वा कम्प्यूटर इन्जिनियरिङ्गमा स्नातक वा प्रमुख विषय कम्प्यूटर साइन्स लिई 3 वर्ष स्नातक वा विज्ञान (फिजिकल ग्रुप) मा स्नातक गरी स्वीकृत संस्थाबाट सिष्टम एनालिसिस डिजाइन र सफ्टवेयर डेभलपमेन्टमा कम्तिमा 9 महिनाको डिप्लोमा प्राप्त गरेको हुनुपर्ने देखिन्छ भने कम्प्यूटर अपरेटरको पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्यूटर

डिप्लोमा वा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा 6 महिना अवधिको कम्प्यूटर सम्बन्धी तालिम हासिल गरेको हुनुपर्ने देखिन्छ। यी निवेदकहरुले सेवा प्रवेश गर्दा कम्प्युटरको कामसँग सम्बन्धित सामन्य तालिम लिई पदसँग आवश्यक पर्ने शैक्षिक योग्यता हासिल गरी सेवा प्रवेश गरेको देखिन्छ। साथै निज निवेदकहरुलाई विशेष बढुवा समायोजन भएको कम्प्युटर अधिकृत भन्ने पदनामको लागि केकस्तो विशिष्ट ज्ञान,शीप र दक्षता आवश्यक पर्ने उल्लेख नभएको र पदनाम अनुसारको विशिष्ट क्षमता तथा तालिम हासिल गरेको पनि देखिदैन। निजहरुको समायोजन भएको पदनाम अनुसारको कार्य प्रकृति हेर्दा Computer Hardware वा Software वा कम्प्यूटर सम्बन्धी विशिष्ट कार्य सम्पादन गर्ने प्रकृतिको जस्तो देखिंदा पद,कार्य जिम्मेवारी र योग्यताबीच सापेक्ष सम्बन्ध रहेको देखिदैन। निजहरुको शैक्षिक योग्यता र तालिम समेत हेर्दा अप्राविधिक प्रकृति (Non-technical nature) को देखिन्छ। यस्तै प्रकृतिको शैक्षिक योग्यता र तालिम प्राप्त गरी सेवा प्रवेश गरेका कम्प्यूटर अपरेटरहरुको बढुवाको सम्बन्धमा यस अदालतबाट हरिप्रसाद भुसाल समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत भएको उत्प्रेषण परमादेशको रिट निवेदनमा (072-WO-०४१९) कम्प्युटर अपरेटर विविध सेवा समुहमा रही सो सेवा समुहमा माथिल्लो पदमा वढुवा हुन सक्ने अवस्था नरहेको र टाइपिष्टहरु प्रशासन सेवा सामान्य प्रशासन समुहमा विगत देखि नै बढुवा भैरहेको अवस्था हुँदा विविध सेवाका कम्प्युटर अपरेटरहरुको वृति विकास समेतलाई ध्यानमा राखी निजामती सेवा नियमावली, 2050 को नियम 88 को उपनियम (३) मा उपनियम (२) बमोजिमको संभाव्य उम्मेदवार हुन सम्बन्धित निजामती कर्मचारीले नेपाल सरकार वा नेपाल सरकारले तोकेको निकायबाट संचालित सेवा सँग सम्बन्धित कम्तीमा एक महिनाको तालिम लिएको र बढुवा हुने पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनु पर्नेछ भनी विशेष व्यवस्था गरी वृति विकासको अवसर प्रदान गरेको देखिंदा मौजुदा अवस्थामा निवेदकहरुलाई बाहेक गरी ...प्रशासन सेवा सामान्य प्रशासन समुहतर्फ हुने जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढूवामा सम्भाव्य उम्मेदवार हुन नपाउने गरी बढुवा अस्विकार गर्न सकिने अवस्था देखिँदैन भनी निवेदकहरुलाई बढुवा प्रकृयामा समावेश गराउनु भनी रिट जारी भएको पाईन्छ।

१६. यी रिट निवेदकहरु समायोजन भएको कम्प्यूटर अधिकृत भन्ने पदको लागि आवश्यक पर्ने विशिष्ट ज्ञान शीप तथा योग्यता समेत स्पष्ट नभएको, पदिय नाम अनुसारको निजामती सेवा नियमावली, 2050 नियम 9 ले व्यवस्था गरे अनुसारको पद अनुसारको पदीय कार्यविवरण तयार गरी केकस्तो पदिय जिम्मेवारी दिएको भनी प्रत्यर्थीहरुले लिखित जवाफमा समेत उल्लेख गरेको देखिदैन। निवेदकहरुलाई पदीय जिम्मेवारी अनुसारको कार्य जिम्मेवारी नदिई राख्न कानूनतः मिल्ने समेत देखिएन। अतः यस अदालतबाट भएको माथिका प्रकरणमा उल्लेखित व्याख्या र निजामती सेवा नियमावली, 2050 को नियम 88 को उप नियम (2) मा भएको व्यवस्थाको आलोकबाट समेत आफू कार्यरत रहेको सेवा समुहको पदमा समायोजनको दावी गर्नु बैधानिक अपेक्षाको सिद्धान्त (Principle of Legitimate Expectation) समेतको आधारमा युक्तिसंगत नै देखिन आयो। **सामान्यतः वृत्ति विकासको सम्बन्धमा कुनै सेवा वा समुहको पदमा सेवा प्रवेश गरे पश्चात आफूसँग रहेको शैक्षिक योग्यता, तालिम र अनुभव समेतको आधारमा वृत्ति विकासको अपेक्षा राख्नु र प्राप्त गर्नु कर्मचारीको कानूनी अधिकारको विषय पनि हो।** यी निवेदकहरुसँग सम्बन्धित पदसँगको विशिष्ट प्रकारको क्षमता र ज्ञान समेत नभएको अवस्थामा विद्यमान शैक्षिक योग्यता र तालिमको आधारमा अप्राविधिक (Non-technical) पदमा समायोजनको माग राखेकोमा निजामती सेवा ऐन, 2049 को तेस्रो संसोधनबाट कायम भएको दफा 24घ१ख बमोजिम अप्राविधिक सेवा समुहतर्फ समायोजन गर्नु पर्नेमा नेपाल विविध सेवा अन्तर्गतको कम्प्यूटर अधिकृतको पदमा समायोजन तथा पदस्थापना गर्ने गरी सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालयबाट मिति 2075।11।13 मा भएको मन्त्रीस्तरीय निर्णय कानून र न्यायसंगत रहेको देखिन आएन।

१७. अतः माथि विवेचित आधार कारणबाट यी निवेदकहरु कम्प्यूटर अपरेटरबाट बढुवा भई आएको कम्प्यूटर अधिकृतको पद बिशेष पदको रुपमा रहेको, उक्त पद नेपाल विविध सेवा अन्तर्गत रहेको कम्प्यूटर अधिकृत पद सरहको पद रहेको नदेखिएको र निजामती सेवा नियमावाली, 2050 को नियम 88(२) मा भएको व्यवस्था बमोजिम निजहरु अप्राविधिक सेवा समुहतर्फ बढुवा हुन सक्ने देखिंदा यी निवेदकहरुलाई निजामती सेवा ऐन, 2049 को दफा 24घ१ख बमोजिम समायोजन गर्दा अप्राविधिक सेवा समुहतर्फ समायोजन गर्नु पर्नेमा नेपाल

विविध सेवा अन्तर्गत कम्प्यूटर अधिकृतमा समायोजन तथा पदस्थापना गर्ने गरी सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालयबाट मिति 2075।11।13 मा भएको मन्त्रीस्तरको निर्णय कानूनसम्मत रहेको नदेखिंदा सो निर्णय तथा सो निर्णयसँग सम्बन्धित मिति 2070।5।८ र 2070।5।13 को सूचना तथा सम्पूर्ण कामकारबाहीहरु उत्प्रेषणको आदेशले वदर हुने ठहर्छ। अब यी रिट निवेदकहरुलाई निजहरुको शैक्षिक योग्यता,प्राप्त तालिम,दक्षता र क्षमता अनुकुल वृत्ति विकास हुने गरी समायोजन तथा पदस्थापना गर्दा उचित हुने देखिएकोले सम्बन्धित निकायहरु सँग आवश्यक समन्वय तथा परामर्श गरी निवेदकहरुको वृत्ति विकासमा असर नपर्ने गरी उचित सेवा समुहमा समायोजन तथा पदस्थापना गर्नू भनी प्रत्यर्थीहरुको नाममा परमादेशको आदेश समेत जारी हुने ठहर्छ। यो आदेशको जानकारी प्रत्यर्थीहरुलाई दिई प्रस्तुत मुद्दाको लगत कट्टा गरी गरी फैसला विद्युतीय प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनु।

**न्यायाधीश**

उक्त रायमा म सहमत छु।

**न्यायाधीश**

इजलास अधिकृतः सुमेधा खनाल

कम्प्युटर अपरेटरः शंकर गुरुङ्ग

इति सम्वत् २०८१ साल आश्विन ०२ गते रोज ४ शुभम् ..................................।